

सच्चिने कि सकिने ?

✍ बाँस्कोटा धनञ्जय
baskota69@gmail.com


## सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ — सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता — राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

वर्ष-२१ | अंक - २३७ | २०८३ भाद्र २९ गते सोमबार | Monday, 14 Sept. 2026 | मूल्य ७ /-



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

*दोस्रो पटक प्रकाशित मिति २०८३।०५।२९*

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्टारको कार्यालयबाट मिति २०८३/०५/२ मा स्विकृती प्राप्त भई साविक कम्पनी नाम बदमटार बहुप्राविधिक शिक्षालय प्रा.लि.(प्रा.लि.न. ३३९९६६) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको बदमटार प्राविधिक शिक्षालय प्रा.लि अंग्रेजीमा Badamtar Prabidhik Shikshalaya Pvt. Ltd. ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


## जलवायु न्यायको खोजीमा नेपाल:

# राष्ट्रसंघमा क्षतिपुर्तिको मुद्दा उठाउने तयारी

✍ खगेन्द्र कार्की



**दमक/** जलवायु परिवर्तनमा नेपालको योगदान नगण्य छ । तर त्यसको असर भोग्ने मुलूकमध्ये नेपाल अग्रपंक्तिमा छ । हिमाली क्षेत्रमा बढ्दो तापक्रम, हिमतालको जोखिम, अतिवृष्टि, बाढी, पहिरो र खडेरीजस्ता घटनाले मुलुकले बर्सेनी ठूलो जनधनको क्षति व्यहोर्दै आएको छ । यही असमानताले अहिले नेपालको कूटनीतिक बहसमा एउटा महत्वपूर्ण प्रश्न उठाएको छ-जलवायु संकटमा नगण्य योगदान गर्ने नेपालले भोगेको क्षतिको क्षतिपूर्ति अन्तर्राष्ट्रिय समुदायबाट कसरी प्राप्त गर्ने ?

विश्व बैंकका अनुसार विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको हिस्सा करिब ०.१ प्रतिशत मात्रै छ । तर जलवायु परिवर्तनका प्रभावलाई नियन्त्रण गर्न पर्याप्त कदम चाल्न नसके सन् २०५० सम्म नेपालको कुल गार्हस्थ्य उत्पादन कम्तीमा ७ प्रतिशतसम्म घट्न सक्ने उसको अनुमान छ । यसले जलवायु परिवर्तनलाई वातावरणीय मात्र नभई आर्थिक र विकासको चुनौतीका रूपमा समेत स्थापित गरेको छ ।

२०२४ सेप्टेम्बरमा भएको अतिवृष्टि यसको पछिल्लो उदाहरण हो । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) का अनुसार उक्त विपत्तिमा नेपालमा २३० भन्दा बढी मानिसको मृत्यु भएको थियो भने १० हजार ८ सय परिवार विस्थापित भएका थिए । आर्थिक क्षति ३३५ मिलियन अमेरिकी डलरभन्दा बढी पुगेको थियो । यस्ता घटनाले 'लस एन्ड ड्यामेज' अर्थात् जलवायुजन्य हानि-नोक्सानीको अन्तर्राष्ट्रिय वित्तीय सम्बोधनको आवश्यकता थप बलियो बनाएका छन् ।

**ब्रिक्स छुटेको अवसर**

यही पृष्ठभूमिमा भारतमा भएको ब्रिक्स शिखर सम्मेलनमा नेपालको अनुपस्थितिलाई लिएर बहस भएको छ । नयाँदिल्लीमा सेप्टेम्बर १२ र १३ मा भएको १८औँ ब्रिक्स सम्मेलनमा सदस्य राष्ट्रसँगै साझेदार तथा आमन्त्रित मुलुकका प्रतिनिधि सहभागी थिए । सम्मेलनको मूल बहस उत्थानशीलता, नवप्रवर्तन, सहकार्य र दिगोपनमा केन्द्रित थियो ।

नेपाल ब्रिक्सको सदस्य वा साझेदार राष्ट्र होइन । त्यसैले सम्मेलनमा नेपालको सहभागिता स्वतः सुनिश्चित हुने अवस्था थिएन । तर गैरसदस्य मुलुकका प्रतिनिधिलाई पनि विभिन्न तहमा सहभागी गराउने ब्रिक्सको अभ्यासका कारण नेपालले सक्रिय कूटनीतिक पहल गरेको भए सहभागिताको सम्भावना रहन्थ्यो कि भन्ने बहस अहिले भइरहेको छ ।

भारतले प्रधानमन्त्री बालेन्द्र शाहलाई द्विपक्षीय भ्रमणका लागि औपचारिक निम्तो भने दिएको छ । भारतीय पक्षले जुलाईमै निम्तो दिएको पुष्टि गरेको थियो । तर ब्रिक्स सम्मेलनमा नेपालको सहभागिता हुन नसक्दा छिमेकी भारत, चीन, रूसलगायत प्रमुख शक्ति राष्ट्रका नेतृत्वसामु नेपालको जलवायु क्षतिको मुद्दा प्रत्यक्ष रूपमा उठाउने एउटा सम्भावित अवसर भने गुमेको देखिन्छ ।

यसलाई कतिपयले नेपालको कूटनीतिक सक्रियताको कमजोरीका रूपमा हेरेका छन् भने अर्काथरीले नेपाल ब्रिक्सको सदस्य नभएकाले सम्मेलनमा सहभागी नहुनुलाई अस्वाभाविक मान्न नहुने तर्क गरेका छन् । त्यसैले यो विषयलाई निम्तो नआएको मात्र वा कूटनीतिक कमजोरी मात्र भनेर निष्कर्ष निकाल्नुभन्दा नेपालले त्यस्ता अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो उपस्थिति कसरी सुनिश्चित गर्ने भन्ने कोणबाट हेर्नुपर्ने देखिन्छ ।

**सरकारको तयारी**

परराष्ट्र मन्त्रालयका अनुसार प्रधानमन्त्री बालेन्द्र शाह महासभामा सहभागी हुने भएपछि सम्बोधन र नेपालले उठाउने विषयबारे तयारी भइरहेको छ । विज्ञसँगको परामर्शपछि सम्बोधनको विषयवस्तु तय गरिनेछ । जलवायु परिवर्तन र कार्बन उत्सर्जनका कारण नेपालले भोगिरहेको संकट, विशेषतः भोटेकोशी बाढीबाट भएको क्षतिलाई अन्तर्राष्ट्रिय समुदायसमक्ष राख्ने सरकारको तयारी छ ।

संयुक्त राष्ट्रसंघीय महासभाको उच्चस्तरीय बहस सेप्टेम्बर २२ देखि २८ सम्म हुनेछ । शाहको यो पहिलो विदेश भ्रमणसमेत हुनेछ । सुरुमा महासभामा सहभागी नहुने भनिएपछि विपक्षी दल, विज्ञ र विभिन्न क्षेत्रबाट दबाब बढेको थियो । बाँकी ४ पेजमा ▸▸

# दर खाएसँगै सुरु भयो हरितालिका तीज



**दमक/** हरितालिका (तीज) पर्वको पहिलो दिन आज देशभर हिन्दू महिलाले दर खाएका छन् । व्रतका दिन शक्ति प्राप्त होस् भन्ने मान्यताअनुसार तीजको व्रत बस्नुअघि महिलाले मीठा तथा आडिला परिकार दरका रूपमा खाने परम्परा छ ।

तीजको पहिलो दिन भाद्र शुक्ल द्वितीयाका दिन माइतीले चेलीबेटीलाई बोलाएर दर खुवाउने चलन छ । विशेषगरी दूधबाट बनेका परिकार, मिठाइ, फलफूल, गहुँको रोटी, घिउलगायत खानेकुरा दरका रूपमा खाने गरिन्छ । धर्मशास्त्रविद् प्रा. तोयराज नेपालका अनुसार गहुँको रोटी र घिउजस्ता परिकार व्रत बस्नेका लागि आडिला मानिन्छन् ।

शास्त्रीय परम्पराअनुसार दर दुई भाग रात हुँदै खाइसक्नुपर्ने मान्यता छ । त्यसैले कतिपय महिलाले बिहान ३-४ बजेतिर उठेर दर खाने र त्यसपछि निराहार व्रत बस्ने तयारी गर्छन् । दर खाएसँगै चारदिने तीज पर्व सुरु भएको मानिन्छ ।

तीज धार्मिक पर्वसँगै महिलाले आफ्ना सुखदुःख, पीडा र सामाजिक अनुभव अभिव्यक्त गर्ने अवसरका रूपमा समेत स्थापित छ । विशेषगरी तीजका गीतमार्फत महिलाले जन्मघर छाडेर कर्मघरमा पुगेपछि भोगेका दुःख, पारिवारिक सम्बन्ध र सामाजिक अवस्थाबारे आफ्ना भावना सार्वजनिक गर्ने गरेका छन् । पछिल्लो समय यस्ता गीतमा महिला अधिकार, समानता र समसामयिक विषयसमेत समेटिन थालेका छन् ।

धार्मिक मान्यताअनुसार हिमालयपुत्री पार्वतीले महादेवलाई पति पाउन कठोर तपस्या र बाँकी ४ पेजमा ▸▸

## कन्काई पुल अलपत्र

# ठेकेदारसँग दुई अर्ब क्षतिपूर्ति माग्दै सरकार

**दमक/** झापास्थित हुलाकी राजमार्गअन्तर्गत झापा गाउँपालिका-२ र गौरीगन्ज गाउँपालिका-१ जोड्ने ७ सय २३ मिटर लामो कन्काई नदीको पुल १४ वर्षसम्म अलपत्र पार्ने पप्पु-महादेव खिम्ती जेभीबाट सरकारले करिब दुई अर्ब रूपैयाँ क्षतिपूर्ति असुल गर्ने प्रक्रिया अघि बढाएको छ ।

२०६८ जेठ ३१ मा ३४ करोड नौ लाख रूपैयाँमा ठेक्का लिएर ५६ प्रतिशत मात्र काम पूरा गरेपछि सरकारले ठेक्का रद्द गरी बाँकी निर्माण खर्च साबिक ठेकेदारबाटै असुल्ने निर्णय गर्दै ३५ दिने सूचना जारी गरेको हो । सार्वजनिक खरिद ऐन अनुसार आयोजनाको बाँकी काम पूरा गर्न लाग्ने अद्यावधिक लागत मूल्यांकनका आधारमा ठेकेदार कम्पनीलाई १ अर्ब ९९ करोड १२ लाख ५८ हजार ७ सय ७५ रूपैयाँ जरिवाना तोकिएको छ । निर्धारित समयभित्र उक्त रकम नबुझाए कम्पनीको जायजेथाबाट असुल गरिने आयोजनाले जनाएको छ । अघिल्लो काममा त्रुटि र न्यून गुणस्तर देखिएकाले आयोजना कार्यालयले पुरानो कामलाई शून्य मूल्यांकन गर्दै तेस्रो पक्षमार्फत थप जाँच गराउने प्रक्रिया अघि बढाएको छ ।

यता, निर्माण कम्पनीका सञ्चालक रवि सिंहले भने सरकारको यस कदमप्रति कडा आपत्ति जनाएका छन् । ६० प्रतिशत काम सकिएर भुक्तानी भइसकेको अवस्थामा मूल ठेक्का रकमभन्दा कैयौँ गुणा बढी जरिवाना तोक्नु राज्यको दमन भएको उनको दाबी छ ।

ठेक्का रद्द भएको लामो समय बितिसक्दा पनि नयाँ ठेक्का प्रक्रिया अझै सुरू हुन सकेको छैन । बाँकी ४ पेजमा ▸▸

# बाढीबाट विस्थापितलाई मासिक खर्च दिने

**दमक/** गत १० भदौमा आएको विनाशकारी बाढीबाट विस्थापित भएकाहरूलाई सरकारले सहायता रकम उपलब्ध गराउने भएको छ ।

गत बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले भोटेकोशी बाढी प्रभावित परिवारहरूलाई स्थायी आवास निर्माण नभएसम्मका लागि आवास भाडा तथा अन्य आवश्यक खर्च व्यवस्थापनका लागि रकम उपलब्ध गराउने निर्णय गरेको सञ्चारमन्त्री विक्रम तिमिल्सिनाले जानकारी गराएका छन् ।

उनका अनुसार, ४ सदस्यसम्मको परिवारलाई मासिक १५ हजार र थप प्रत्येक सदस्यका लागि २ हजार अतिरिक्त उपलब्ध गराउने निर्णय गरेको छ । यदि कुनै परिवारले यो सुविधा लिन नचाहेमा, सरकारले स्थायी आवास निर्माण नभएसम्म अस्थायी आवासको व्यवस्था गर्ने विकल्प पनि उपलब्ध गराएको पनि उनले जानकारी गराएका छन् ।

# राजासहितको राष्ट्रिय सहमति : लिङ्देन



**दमक/** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले मुलुकलाई राजनीतिक निकास दिन निषेधको राजनीति त्यागेर राजासहितको राष्ट्रिय सहमति निर्माण गर्नुपर्ने बताएका छन् । आइतबार काठमाडौंमा आयोजित राप्रपाको जिल्ला अधिवेशनलाई सम्बोधन गर्दै लिङ्देनले मुलुक लामो समयदेखि राजनीतिक तरलता र अनिश्चितताको अवस्थामा रहेको बताए । थप द्वन्द्व र निषेधको राजनीति थेग्ने अवस्थामा देश नरहेको भन्दै उनले सबै राजनीतिक शक्ति र राजाबीच राष्ट्रिय सहमति आवश्यक रहेको धारणा राखे । उनले आगामी मंसिरमा हुने पार्टीको महाधिवेशन नेतृत्व चयनमा मात्र सीमित नरहने बताए । महाधिवेशनलाई विगतका कमजोरी सच्याउँदै पार्टीको आगामी राजनीतिक मार्गचित्र तय गर्ने अवसरका रूपमा लिनुपर्ने उनको भनाइ थियो ।

लिङ्देनले राप्रपाका सांसद तथा जनप्रतिनिधि अन्य दलको प्रभावमा पर्ने वा पार्टी अनुशासन उल्लंघन गर्ने प्रवृत्ति स्वीकार्य नहुने स्पष्ट पारे । आफू अध्यक्ष रहे पनि नरहे पनि पार्टी र कार्यकर्ताको शिर झुक्ने कुनै काम नगर्ने बताउँदै उनले भ्रष्टाचारविरुद्धको अडानमा कायम रहने प्रतिबद्धता जनाए ।

काठमाडौं जिल्ला अधिवेशनमा नेतृत्वका आकांक्षीहरूबीच स्वस्थ र मर्यादित प्रतिस्पर्धा हुनुपर्नेमा जोड दिँदै उनले व्यक्तिगत स्वार्थभन्दा पार्टीको हितलाई प्राथमिकता दिन आग्रह गरे ।

# आठ महिनादेखि थन्कियो 'कोशी घुम्ती अस्पताल'

**दमक/** कोशी प्रदेश सरकारले करिब ८० लाख रूपैयाँ खर्चेर शुरू गरेको 'घुम्ती अस्पताल' सेवा शुभारम्भ भएको आठ महिना नपुग्दै थन्किएको छ । उपकरणसहित तयार गरिएको बस गाउँगाउँ पुगेर स्वास्थ्य सेवा दिनुपर्ने भए पनि लामो समयदेखि विराटनगरस्थित शैलेजा आचार्य प्रादेशिक अस्पताल परिसरमै पार्किङ गरेर राखिएको छ । ग्रामीण बस्तीका नागरिकलाई गाउँमै स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले सो बसमार्फत आकस्मिक स्वास्थ्य सेवा पुरयाँउने लक्ष्य राखिएको थियो ।

मधेश प्रदेश ०३-००२ ख २७४६ नम्बरको उक्त बसमा स्वास्थ्य परीक्षण र उपचारका लागि आवश्यक विभिन्न उपकरण जडान गरिएको छ। रेडियोलोजी सेवा, मुटुको एक्सरे, रगत परीक्षण तथा नमुना संकलन गर्न सकिने उपकरणसमेत राखिएको बताइएको छ । तर उपकरण जडान गरिएको बस नियमित रूपमा ग्रामीण क्षेत्रमा पुगेको छैन् ।

२५ पुस २०८२ मा तत्कालीन मुख्यमन्त्री हिक्मतकुमार कार्कीले झापाको कमल गाउँपालिकाबाट 'कोशी घुम्ती अस्पताल' सेवा शुभारम्भ गरेका थिए। उद्घाटनका क्रममा उनले स्वास्थ्य सेवा अस्पतालको पर्खालभित्र सीमित नराखी जनताको घरदैलोसम्म पुऱ्याउनुपर्ने बताएका थिए।

प्रदेश सरकारको योजना ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकलाई स्थानीय तहमै स्वास्थ्य परीक्षण र उपचार सेवा उपलब्ध गराउने थियो। आवश्यक परे बिरामीलाई ठूला अस्पतालमा रेफर गर्ने तथा महामारी र आकस्मिक स्वास्थ्य संकटका बेला स्वास्थ्य शिविर सञ्चालनमा समेत बस प्रयोग गर्ने भनिएको थियो। तर उद्घाटन भएको महिनौं बितिसक्दा पनि उक्त योजना नियमित सेवामा परिणत हुन सकेको छैन् ।

स्वास्थ्य निर्देशनालय, धनकुटाका तत्कालीन निर्देशक ज्ञानबहादुर बस्नेतको बाँकी ४ पेजमा ▸▸


## माङ्मालुङ्ग चिया वगान लि.

माङसेबुङ गाउँपालिका-६, इलामको

## जगेडा शेयर बिक्री सम्बन्धी १५ दिने सूचना

*प्रथम पटक प्रकाशित मितिः २०८३/०५/२९*

यस कम्पनीको मिति २०८३/०५/२८ मा बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीमा चुक्ता हुन रहेको जगेडा शेयर बिक्री गर्न प्रस्ताव गरि एकोले उक्त शेयर खरिद गर्न इच्छुक विद्यमान संस्थापक शेयरधनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रति शेयर रू. १००।- (अक्षरुपी एक सय मात्र) का दरले शेयर खरिदका लागि कम्पनीको केन्द्रीय कार्यालय माङसेबुङ गाउँपालिका-६, इलाममा आईपुग्ने गरी आवेदन गर्नुहुन सूचित गरिन्छ। म्याद भित्र विद्यमान शेयरधनीहरुबाट आवेदन नपरेमा संस्थापक भन्दा बाहिरका व्यक्ती वा संगठीत संस्थालाई उक्त शेयर बिक्रीको प्रक्रिया अगाडि बढाईने व्यहोरा समेत अनुरोध गरिन्छ।

**माङ्मालुङ्ग चिया वगान लि.**
**माङसेबुङ गाउँपालिका-६, इलाम**

# सम्पादकीय

## संस्कृतिको उज्यालो तीज

हरितालिका तीज नेपाली हिन्दु महिलाहरुको धार्मिक, सांस्कृतिक तथा सामाजिक जीवनसँग गहिरोसँग जोडिएको पर्व हो । विगतमा तीज आउनुअघि नै माइती जाने चेलीबेटी, दर खाने कार्यक्रम, गीत(संगीत र नाचगानले गाउँदेखि सहरसम्म उत्सवको वातावरण बनाउने गर्दथ्यो । तर यस वर्षको तीज विगतजस्तो उल्लासपूर्ण छैन ।

प्राकृतिक विपत्तिले ठूलो जनधनको क्षति पु¥याइरहेका बेला अधिकांश महिला समूहहरुले तीजका भड्किला कार्यक्रम स्थगित गर्दै त्यसमा हुने खर्च बाढीपीडितका लागि सहयोग स्वरुप पठाएका छन् । तीजलाई विशेष बनाउने कलाकारहरुले समेत कार्यक्रम नगर्ने घोषणा गर्दै विपत्तिमा परेकाप्रति ऐक्यबद्धता जनाएका छन् । यो निर्णय आफैंमा तीजको वास्तविक सांस्कृतिक चेतनाको सुन्दर उदाहरण हो ।

पौराणिक मान्यताअनुसार हिमालयकी पुत्री पार्वतीले भगवान् शिवलाई पति प्राप्त गर्न गरेको कठोर तपस्या र व्रतसँग हरितालिका तीज जोडिएको छ । अविवाहित महिलाले योग्य वरको कामना गर्दै तथा विवाहित महिलाले दाम्पत्य सुख, पारिवारिक शान्ति र समृद्धिको कामना गर्दै व्रत(आराधना गर्ने परम्परा छ । द्धितीयाको राति दर खाने र तृतीयाका दिन निराहार तथा निर्जला व्रत बस्ने चलन यस पर्वको मौलिक पक्ष हो । यससँगै महिलाहरुले आफ्ना सुख(दुःख, पीडा र सामाजिक अनुभव गीत तथा नाचमार्फत अभिव्यक्त गर्ने परम्पराले तीजलाई केवल धार्मिक पर्व नभई सामाजिक अभिव्यक्तिको माध्यमसमेत बनाएको छ ।

तीज केवल व्रत, दर, नाचगान र शृंगारको पर्व होइनह्य यो नारीको भावना अभिव्यक्त गर्ने, सामाजिक विकृतिविरुद्ध आवाज उठाउने र आपसी सद्भाव बलियो बनाउने अवसर पनि हो । त्यसैले परम्पराको नाममा भड्किलोपन र देखासिकीलाई निरन्तरता दिनुभन्दा यसको मौलिकता, मर्यादा र मानवीय पक्षलाई बलियो बनाउन आवश्यक छ ।

तीजसँगै आउने गणेश चौथी र ऋषिपञ्चमीजस्ता पर्वहरुले पनि हाम्रो धार्मिक तथा सांस्कृतिक निरन्तरताको स्मरण गराउँछन् । यी पर्वहरुलाई समयअनुकूल बनाउँदै यसको मूल मर्म जोगाउनु आजको पुस्ताको जिम्मेवारी हो । विपत्तिको यो घडीमा तीजले दिएको सबैभन्दा ठूलो सन्देश यही हो ।

पर्वको सार अरुभन्दा बढी देखिनुमा होइन, अरुको दुःखमा साथ दिन सक्नुमा छ । त्यसैले यस वर्षको तीजलाई भड्किलो उत्सवको होइन, संवेदना, सहयोग, संस्कृति र सामाजिक उत्तरदायित्वको पर्व बनाऔं । यही नै तीजको वास्तविक सार्थकता र हाम्रो संस्कृतिप्रतिको सच्चा सम्मान हुनेछ ।





गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
CASH BACK OFFER
RS. 100 -5000
9842645136
ARE YOU GOING TO INDIA?
SPECIAL PRE PURCHASE TO INDIA
INDIGO, SPICE JET, AIR INDIA, AKASA
GANGA TRAVEL AND TOURS
EMAIL ID: gangatravel36@gmail.com
WHAT'S UP : 9842645136 / 023-575311
LOCATION : DAMAK 5 JHAPA BELDANGI ROAD


समयचक्र

# सच्चिने कि सकिने ?



बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

**जिन्दगी खराब बाटोमा छ भन्ने थाहा पाउँदा पाउँदै ऊ पैसा, घुमफिर र ऐशआरामा जीवन जिउन थाल्छ । ऊ बर्बाद हुँदासम्म उसलाई आफै हिंडेको बाटोबारे प्रश्न गर्नसम्म पनि मनै लाग्दैन । र अंत्यमा उसको केही पनि लाग्दैन । ऊ सकिन्छ ।**

एउटा कलम बोकेर बस्ने मान्छेले गर्ने जम्मा एउटा काम रहेछ । त्यो भनेको 'मान्छे पढ्ने' रहेछ । त्यही भएर होला म मान्छे पढ्ने प्रयत्न गरिरहन्छु ।

अहिलेको नेपाली समाज र तिनका सदस्यहरूको चरित्र पढ्ने हो भने एउटा सारांश निस्किन्छ ( 'बरु सक्किने, तर नसच्चिने' । मान्छे सक्किन राजी छ, तर सच्चिन राजी छैन ।

त्यसपछि मैले समाजलाई बडो गहन पढेर त्यही समाजको चरित्र लेख्ने विश्वबिख्यात लेखकहरूका कृतिहरु संझें । अनि प्याट्ट दिमागमा रसियन लेखक एन्तोन चेकोभ लाई केन्द्रमा राखें र उनका केही कथाहरु संझें । ती कथाहरूले बोकेको तत्कालिन रसियन समाज र आजका हाम्रा मानछेहरूले बोकेको नेपाली समाजमा मैले कुनै अन्तर भेटिनँ । जसरी चेकोभले 'आफ्नो बर्तमान जीवनको बाटोले आफैलाई सिध्याउँदै छ भन्ने थाहा पाउँदा पाउँदै पनि आफूलाई रूपान्तरित गर्न नसक्ने' हठी र 'काँचा' हरूको कथा पस्के । म आज चेकोभका केही कथाहरूको दृष्टान्त पस्किँदै छु जसमा 'बरु सक्किने, तर नसच्चिने' हरूको जीवन्त जीवन पस्किइएका छन् ।

सन् १८९८ मा प्रकाशित भएको कथा 'द म्यान इन अ केस' (मुद्धा बोकेको मान्छे) मा बेलिकोभ नाम गरेको प्रमूख पात्र यति निर्मम् कानून, त्राश र एक्लो बाँच्ने सूत्र बनाउँछ । त्यसैको वरिपरि जीवन घुमाउन खोज्छ । ऊ कहिल्यै पनि समय र परिवेश अनुसार आफूलाई ढाल्दैन । किनभने उसलाई परिवर्तनप्रति डर लाग्छ । त्यो डर बोक्नु भन्दा 'जे छ त्यसैलाई वकालत गर्नु ठीक' भनेर ऊ जडतामा बाँच्न थाल्छ । यस्तो एकलकाँटे पाराले ऊ सबै परिवेशबाट अलग्गिन्छ र अन्त्यमा आँफैको सत्यनाश हुन्छ ।

त्यस्तै चेकोभको अर्को कथा 'गुजवेरिज (१८९८)' (ऐंसेलु) मा निकोलाई इभानोविच नामको प्रमूख पात्र एउटा विशाल ऐंशेलुको बगैंचाको मालिक हुने उटपट्यांग सपना देख्छ । त्यो प्राप्त गर्नका लागि उसले जवानी, नातागोता, मानवता सबै त्याग्छ । ऊ सच्चिन चाहँदैन । पछि उसले त्यो बगैंचा त हाँसिल गर्छ, तर उसका सबै खुसीहरु मरिसकेका हुन्छन् । त्यो सम्पत्तिभन्दा त खुसी हुनु नै ठूलो रहेछ भन्ने बुझ्छ र पछुताउँछ । मेरो इच्छा ठीक हो कि बेठीक हो भन्ने पत्तो नपाउनेको कथा हो यो ।

चेकोभको अर्को कथा 'लोनिच (१८९८)' (लोनिच), जसमा मुख्य पात्र दिमित्री लोनिच बिस्तारै भावनात्मक र वौद्धिक दुबै तवरले मृत बन्न थाल्छ । जिन्दगी खराब बाटोमा छ भन्ने थाहा पाउँदा पाउँदै ऊ पैसा, घुमफिर र ऐशआरामा जीवन जिउन थाल्छ । ऊ बर्बाद हुँदासम्म उसलाई आफै हिंडेको बाटोबारे प्रश्न गर्नसम्म पनि मनै लाग्दैन । र अंत्यमा उसको केही पनि लाग्दैन । ऊ सकिन्छ ।

चेकोभको अर्को कथा 'लेडि विथ द डग (१८९९)' (कुकुर लिएर हिंड्ने केटी) मा गुरोभ नामको प्रमूख पात्रको 'सच्चिनुको साटो सक्किन' तयार हुन्छ । ऊ आफ्नै भड्कीलो नियम बनाएर बाँच्छ, तर ऊ भावनात्मक रूपले रित्तो हुन्छ । कुकुर लिएर हिंड्ने केटीलाई प्रेम गर्न मन गर्छ, तर उसले आफ्नो जीवनमा आमूल परिवर्तन गर्नुपर्ने हुन्छ । ऊ त्यो गर्न सक्दैन । जान्दैन पनि । त्यसैले ऊ त्यही आफ्नो हठको शिकार भएर नीरस जीवन बाँच्न बाध्य हुन्छ ।

चेकोभको 'द बिट (१८८९)' (बाजी) कथामा एउटा वकील संधै १५ बर्ष पछिको कुरा मात्रै सोच्छ । त्यसको योजना बनाउँछ र त्यसलाई प्राप्त गर्न सबै कुरा त्याग्छ । त्यस्तो वाइयात कुराको पछि लागेर जीवन पुनः रित्तो बन्छ । वाइयात कटिबद्धताले उसलाई अंत्यमा सून्यमा धकेल्छ ।

त्यस्तै चेकोभको 'वार्ड नं सिक्स ( १८९२)' (वडा नं ६) कथामा डा. आन्द्रेइ रेगिन समाजमा ब्याप्त अन्याय र पीडा हुँदा कसैलाई 'बाल' नदिइ आनन्दले बस्छ । केही नगर्ने, आफू पनि नबदलिने बाटो अँगाल्छ । र अन्त्यमा ऊ त्यही व्यवस्थाको शिकार हुन्छ ।

चेकोभको अर्को कथा 'अ डक्टर्स भिजिट (१८९८)' (डाक्टरको आगमन) मा एक जना डाक्टरको भेट एउटा यस्तो परिवारमा हुन्छ जुन सम्पन्न र सुबिधायुक्त देखिन्छ । तर वास्तवमा त्यो परिवार अस्वस्थ, नास्तिक, क्रुर हुन्छ । तिनले आफुलाई बदल्नको साटो 'दुखी' जीवन बिताइरहन रम्छन् ।

एन्टोन चेकोभका यी प्रतिनिधि कथाहरूले अठारौं शताब्दीको अन्त्यतिरको रसियन समाजको बिम्ब पस्केका छन् जसमा मानिस 'सच्चिनभन्दा सकिन' तयार हुन्छ ।

आज म नेपाली समाज पढिरहेको छु । र देखिरहेको छु मान्छेहरु जो 'सच्चिनभन्दा सकिन तयार' छन् ।

दलहरूका चौतर्फी आलोचना छन् । आफ्नै दलभित्र 'लाइनहरु' छन् । गुटहरु छन् । खुट्टा तानातान छन् । आफ्नै कारणले जेनजी आन्दोलन भयो र हामी बढारियौं भन्ने होस पनि छैन । जनताले 'भोट अर्कैलाई' दिइसके । त्यो कुराको हेक्का न त केपी ओलीमा छ, न त शेर बहादुर देउवामा छ, न त पुस्पकमल दाहालमा नै छ । चार दशकदेखि 'राज्य नियन्त्रण' गरेर बानी परेका उनीहरु न त नेतृत्व छोड्न चाहन्छन्, न त अरूलाई नेतृत्व बिकास गर्न चाहन्छन् । ती अझै अर्काको बिरोध गरेर आफू पहिलो हुने सपना बाँडिरहेका छन् । म देखिरहेको छु, जनताले चुनाव मार्फत 'बाघलाई मुसो बनाउँदा' उनीहरु निर्धक्क, बेसरम 'म बाघ हुँ' भन्न भ्याइरहेका छन् । यस्तो बेसरमी कुरा गरेको देख्दा जाललाई पनि लाजै लाग्छ होला ।

अर्कोतिर अनुहारको 'बिक्रि' गरेर ब्यापक जनलहर ल्याएर बहुमत ल्याएको रास्वपा र तिनका नेताहरूको सोच र सार खास भिन्न देखिएन । हर कुराहरूमा आलोचना भएको अवस्थामा आफ्नै दलका सांसदहरु सरकारको आलोचनामा उत्रिएका छन् । बाढीले थिलथिलो भएको बेला बिपक्षि दलहरु 'रोटी सेकाउन' उद्दत छन् । उता भारतले 'ब्रिक्स' सम्मेलनमा 'दुनियाँभरका' देशहरूलाई अतिथि बालाउन सक्ने तर आफ्नै 'खुला सिमकाना भएको' छिमेकीलाई 'बालै' नदिने देखियो । नेपालले एउ टा महत्वपूर्ण 'मन्च' गुमाउनु परेको छ । यो कुटनीतिक असफलता हो । रास्वपा आन्तरिक र बाह्य परिवेशलाई मिलाएर लैजान सक्ने ल्याकत राख्नु पर्छ । बालेन्द्र शाह र रवि लामिछने अब एन्टोन चेकोभका 'कथाका पात्रहरु' जस्तो बनिने खतरा देखिँदैछ । त्यो खतराबाट मूक्ति पाउन निकै मुस्किल पर्छ ।


म पनि त्यस्तै प्राणी परेंछु भन्ने लाग्छ । श्रीमतिले 'यस्तो नलेख न बूढा' भन्दा मैले टेरें त ? मलाई नि सक्किन मन लागिराखेको जस्तो छ ! किनभने मान्छे 'सच्चिनभन्दा सक्किन' लालायित हुने प्राणी हो ।

– दमक, झापा

# अध्ययनले दृष्टि मात्र होइन, दृष्टिकोण बदलिदिन्छ



सीता राई (नाना)




पुस्तक समिक्षा

हुन त लेखक भनेकै अनुशासित पाठक हुन् । आफ्ना विचारलाई केलाएर, मन्थन गरेर, सिलसिला मिलाएर पाठकसामु पस्कनु गहन अध्ययन र लेखन अभ्यासबाट मात्र सम्भव हुन्छ । डा. व्यञ्जना शर्माको 'फुटपाथमा भेटिएका जिब्रान' (निबन्ध संग्रह) २०८३ पढ्दै जाँदा म यस निष्कर्षमा पुगेकी हुँ । संग्रहका हरेक निबन्ध पढ्दै जाँदा विभिन्न पुस्तकका सन्दर्भ र उदाहरण उल्लेख गरेर पाठकलाई थप ज्ञान प्रदान गर्ने उहाँको शैली खुब मन प¥यो । यसले निबन्धलाई केवल व्यक्तिगत अनुभवमा सीमित नराखी अध्ययन र अनुसन्धानसँग जोडेको छ ।

जीवनका गहकिला अनुभव, नेपाली एवम् विदेशी परिवेशलाई केलाएर सोही ठाउँको सुगन्ध आउने गरी विषय पस्कनु लेखकको अर्को खुबी हो । उहाँले समस्या मात्र देखाउनु भएको छैन, सम्बन्धित पक्षलाई झकझकाउनुका साथै प्रश्न पनि गर्नुभएको छ । सरल भाषा, छोटो प्रस्तुति र मिठास उहाँका रचनाका विशेषता हुन् ।

'घरको फ्लेबर' शीर्षकको पहिलो निबन्धमा आफ्नोपन, आत्मीयता एवम् सन्तुष्टि बजारू वस्तुमा होइन, आफूसँग जे(जस्तो छ त्यसैसँग प्रियजनको सामीप्य र याद गाँसिएका हुन्छन् भन्ने प्रसङ्ग छ । अमेरिकाजस्तो सुविधासम्पन्न ठाउँबाट आउन लागेको परिवारको सदस्यलाई 'प्याल परेको झुल र डोरीले मुख बाँधेको सिरानी त दिनु भएन नि' भनेर सोध्दा श्रीमान्ले 'घरको फ्लेबर भनेको यस्तै हो, सबथोक अपटुडेट त होटलमा मात्र हुन्छ' भनेको प्रसङ्गले लेखकलाई आफ्नो माइतीघर धनकुटाका यादमा पु¥याउँछ । बुवाको अनुशासन, आमाले पकाएको आलुको कवाफ र घरको आत्मीयता उहाँका लागि वास्तविक 'फ्लेबर' बनेका छन् ।

कोरोना कहरका बेला माटोसँग गहिरो लगाव भएको कृषक पटेलको दैनिकीलाई 'पटेलको राजनीति' मा उल्लेख गरिएको छ । अर्काको जमिन भाडामा लिएर तरकारी खेती गर्ने पटेलका बाउबाजेले उनलाई खेती सिकाएजस्तै लेखकका बाउबाजेले अक्षरको खेती गर्न सिकाएको प्रसङ्ग निकै अर्थपूर्ण छ । यसले श्रम र लेखन दुवै पुस्तान्तरण हुने ज्ञानका रूप हुन् भन्ने देखाउँछ ।

डा. शर्माले स्नातकोत्तर एवम् विद्यावारिधि अष्ट्रेलियाको मोनाश युनिभर्सिटीबाट गर्नुभएको हो । एक दशकभन्दा बढीको अष्ट्रेलिया बसाइमा देखे(भोगेका परिवेश र नेपाली संस्कृतिसँगको भिन्नतालाई उहाँले कलात्मक ढङ्गले प्रस्तुत गर्नुभएको छ । 'रूमानी रागको आयु' यस संग्रहको रोचक र मननयोग्य निबन्ध हो । चालीस वर्षको वैवाहिक सम्बन्धपछि प्रेमको राग हराएको प्रसङ्गबाट सुरु भएको चर्चा पश्चिमी र नेपाली समाजमा प्रेम र सम्बन्धलाई हेर्ने दृष्टिकोणबीचको भिन्नतासम्म पुग्छ । पश्चिमी समाजमा व्यक्तिगत स्वतन्त्रता र आत्मनिर्णयलाई महत्त्व दिइने भए पनि नेपाली समाजमा विवाहलाई जीवनभरको बन्धनका रूपमा हेर्ने प्रवृत्ति अझ बलियो छ । यसले सम्बन्धमा समझदारी, स्वतन्त्रता र आत्मसम्मानको विषयमा पाठकलाई सोच्न बाध्य बनाउँछ ।

शीर्ष निबन्ध 'फुटपाथमा भेटिएका जिब्रान' मा पुराना किताबको महिमा प्रस्तुत गरिएको छ । पुराना पुस्तक सस्ता मात्र हुँदैनन्, अघिल्लो पाठकका मनोदशा र सम्झनासमेत कतै(कतै भेटिने भएकाले थप रोचक हुन्छन् भन्ने लेखकको धारणा मन छुने खालको छ । सेकेन्ड ह्यान्ड पुस्तक पढ्ने आफू मात्र नभई विश्वप्रसिद्ध लेखिका भर्जिनिया उल्फसमेत रहेको प्रसङ्गले पुस्तकप्रतिको प्रेमलाई थप रोचक बनाएको छ । सुरुवाती केही पृष्ठले मन नतान्ने पुस्तक पुनः पढ्ने सम्भावना नरहेको लेखकको भनाइले लेखकहरूलाई पठनीय कृति सिर्जना गर्नुपर्ने जिम्मेवारीसमेत सम्झाउँछ ।

'सही हो हजुर, सही हो' निबन्धमा आत्मजागरणले मानिसलाई शान्त, धैर्य र निःशब्द रहन सिकाउने कुरा रोचक प्रसङ्गमार्फत प्रस्तुत गरिएको छ । भीडले मानिसलाई क्षणमै उचाल्न र पछार्न सक्छ भन्ने सन्देश आजको सामाजिक परिवेशमा झनै सान्दर्भिक लाग्छ । त्यस्तै 'मन टाढा भाग्छ' मा रिस र क्रोधका बेला मन मानिसबाटै टाढा जाने भएकाले चिच्याएर बोले पनि कुरा नसुनिने, तर मन नजिक हुँदा आँखाको इशारा नै पर्याप्त हुने गुरूवाणी मननयोग्य छ ।

मातृभाषा हाम्रो अस्तित्व र पहिचान हो । 'सपनाको भाषा' मा सपनासँग मातृभाषा र बाल्यकालका स्मृतिको सम्बन्धलाई मनोवैज्ञानिक कोणबाट प्रस्तुत गरिएको छ । बिरामी पर्दा वा अचेत अवस्थामा समेत मानिसले मातृभाषामै बोल्ने प्रसङ्ग र फ्रायडको सपनासम्बन्धी अवधारणालाई जोड्दै लेखकले विषयलाई अध्ययनशील बनाउनु भएको छ ।

'म काबुलीवाला' मा गतिशील जीवन र परिवेशको रोचक चित्रण छ । हिजो हामी जे थियौं, आज त्यो हुँदैनौं र आज जे छौं, भोलि त्यो रहँदैनौं भन्ने जीवनको परिवर्तनशील यथार्थ यस निबन्धमा भेटिन्छ ।

'तिमीहरु नामर्द रहेछौ' निबन्ध आधुनिक अभिभावकका लागि विशेष सन्देश बोकेको छ । छोराछोरीलाई माया गर्ने नाममा उनीहरूका सबै काम आफैं गरिदिंदा आत्मनिर्भरता विकास हुन नसक्ने लेखकको चिन्ता जायज छ । घर छोडेर एक्लै बाँच्न सिक्नु र आफ्नो काम आफैं गर्न सक्नु नै वास्तविक स्वावलम्बन हो । 'भक्कावालीको पक्का गफ' ले पनि शिक्षा र सीपमार्फत नारीलाई आर्थिक रूपमा सबल बनाउनुपर्ने विषय उठाएको छ । आर्थिक आत्मनिर्भरता नै आत्मविश्वास र आत्मनिर्णयको आधार बन्न सक्छ ।

'सेती गर्भिणी छे' निबन्धमा लेखकको जनावरप्रतिको करूणा देखिन्छ । गर्भवती सडक कुकुर सेतीको कष्टपूर्ण जीवनमार्फत पशुप्रतिको संवेदना र अधिकारको प्रश्न उठाइएको छ । मानिस र जनावरबीचको पुरानो सम्बन्धलाई सम्झाउँदै लेखकले मानवीयता मानिसप्रति मात्र सीमित हुनु हुँदैन भन्ने सन्देश दिनुभएको छ ।

समय र परिवेश बदलिँदा पुराना चलन र वस्तुहरु पनि हराउँदै जान्छन् । 'अँठियाको अवसान' मा तोलुङ्, ठेकी, हर्पे, ढिकी, जाँतो, करूवा, फाली, हलो, जोतारोजस्ता वस्तुहरु हराउँदै गएको प्रसङ्गमार्फत बदलिँदो जीवनशैलीलाई प्रस्तुत गरिएको छ । अबको पुस्ताले यी वस्तु देख्नसमेत नपाउने अवस्था आउन सक्छ । 'छमछम पुतली' मा पनि परिस्थिति, कर्तव्य र आवश्यकताले मानिसलाई नचाइरहने यथार्थ औंल्याउँदै विवेक र धैर्यपूर्वक जीवन जिउनुपर्ने सन्देश दिइएको छ ।

'संसार एक असार' मा खुसीको खोजीमा भौंतारिरहेको मानिसको मनोविज्ञानलाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । जीवनमा भेटिने हरेक व्यक्ति र घटनाले हामीमा कुनै न कुनै प्रभाव पार्छ भन्ने लेखकको अनुभूति यहाँ देखिन्छ ।

'फुटपाथमा भेटिएका जिब्रान' मा ३१ वटा ओजिला र समसामयिक निबन्ध छन् । सत्य, आत्मजागरण, देशप्रेम, सामाजिक संवेदना, नारीका सवाल, बदलिँदो जीवनशैली र पुराना संस्कृतिप्रतिको संवेदनाजस्ता विविध विषय संग्रहमा समेटिएका छन् । विशेषतः साना देखिने विषयभित्र लुकेका गम्भीर अर्थलाई सरल भाषामा प्रस्तुत गर्नु लेखकको सफलता हो ।

समयको गतिशीलता अकाट्य सत्य हो । समयसँगै हाम्रो जीवनशैली, सोच र प्राथमिकता बदलिन्छन् । परिवर्तनलाई बुझ्न र आफूलाई समयसापेक्ष बनाउन अध्ययन आवश्यक हुन्छ । अध्ययनले हेराइ मात्र होइन, दृष्टिकोण बदलिदिन्छ । त्यसैले केही न केही पढ्ने, सिक्ने र आफूलाई थोरै भए पनि रूपान्तरित गर्ने बानी बसालौं । 'फुटपाथमा भेटिएका जिब्रान' पढेपछि पाठकलाई अन्ततः यही अनुभूति हुन्छ–असल अध्ययनले आँखालाई मात्र होइन, जीवनलाई हेर्ने दृष्टिलाई नै फराकिलो बनाउँछ ।

दमक–१, झापा

# हरितालिका तीज र यसको महत्व

दमक/ भाद्र शुक्ल तृतीयाका दिनमा मनाइने हरितालिका (तीज) पर्व देवादिदेव महादेवको पूजा आराधना गरी मनाइँदैछ ।

भाद्र शुक्ल तृतीयामा व्रत बसी शिव पार्वतीको पूजा, उपासना गरेमा सुख, शान्ति र कल्याणको प्राप्ति हुने धार्मिक विश्वास छ । यो व्रत गर्ने पुरूषले विधुर हुनु नपर्ने, नारीले अटल सौभाग्य र अविहित केटा केटीले गुण सम्पन्न वर वा वधु पाउने मान्यता छ ।

**◆ निराहार व्रतको शुरूवात**

सत्ययुगमा हिमालय पुत्री पार्वतीले गौरीघाटमा बसी तपस्या गरेर श्री महादेव पति पाउने वरदान पाएकी थिइन् । तर पिता हिमालयले पार्वतीको इच्छा विपरित विष्णुसित विवाह गरिदिन खोजेपछि साथीहरूलाई आफ्नो समस्या सुनाइन् ।

पार्वती समस्यामा परेको थाहा पाएपछि उनका साथीहरूले हरण गरेर लगी कसैले नदेख्ने ठाउँमा लुकाएर राखिदिए । साथीहरूले लुकाएकै ठाउँमा पार्वतीले निराहार व्रत गरी महादेवलाई प्राप्त गरिन् ।

यसरी पार्वती साथीहरूद्वारा हरण भएको दिन भाद्र शुक्ल तृतीयाको दिन भएकाले त्यही समयदेखि हरितालिका (तीज)को व्रत लिने प्रचलन शुरू भएको धर्मशास्त्रीय मत छ ।

**◆ हरित र आलिका**

संस्कृत भाषाका 'हरित' र 'आलिका' दुईवटा शब्द मिलेर हरितालिका शब्द बनेको छ । जसमा 'हरित' शब्दको अर्थ हरण गरिएको र 'आलिका' शब्दको अर्थ साथी भन्ने हुन्छ ।

हरितालिका तीजका सन्दर्भमा 'हरित' शब्दको अर्थ हरियो नभई हरण गरिएको हुन आउने बताइएको छ । संस्कृत ब्याकरणको 'हृञ् हरणे' धातुमा 'क्त' प्रत्यय लागेर बनेको 'हरित' शब्दको अर्थ हरण गरेको हुन आउँछ ।

**◆ सबै नारी निराहार व्रत बस्नुपर्छ ?**

सत्ययुगमा आजैको दिन निराहार व्रत बसी पार्वतीले श्रीमहादेव स्वामी पाएकीले आजको दिनमा व्रत बस्दा मनोकामना पूरा हुने विश्वास छ । तर यसको अर्थ सबै नारी निराहार व्रत बस्नुपर्छ भन्ने नरहेको धर्मशास्त्रविद्हरू बताउँछन् ।

**◆ तीन किसिम व्रत**

"निराहार, जलाहार र फलाहार गरी व्रतका तीन किसिम छन्, सक्नेले निराहार नसक्नेले जलाहार र जलाहार पनि नसक्नेले फलाहार व्रत गर्नु उत्तम मानिन्छ ।

**◆ पुरूषको पनि व्रत**

नारीले परिवारको अभिभावकका रूपमा प्रतिनिधित्व गरी व्रत बस्ने भएकाले नसकेका अवस्थामा अथवा रजस्वला भएका बेलामा पुरूषले पनि व्रत बस्ने गरेका छन् । यस अर्थमा अहिले केही नारीवादीले उठाएजस्तो



विभेदकारी व्रत परम्परा पनि तीज नभएको धर्मशास्त्रविद्हरूको भनाई छ ।

**◆ आत्मावादी र ईश्वरवादी**

समग्रमा मनोकामना पूर्ण गराउने र सम्पूर्ण परिवारको कल्याणका लागि यो व्रतको प्रयोजन रहेको धर्मशास्त्रीहरूको मत छ । आत्मावादी र ईश्वरवादी दुवैले यो व्रत लिने गरेका छन् । समग्रमा परिवारको यस लोकमा सुख, शान्ति र पारलौकिक सद्गतिका लागि तीजको व्रतको महत्व छ ।

**◆ पाँच किसिमका व्रत**

व्रत सकाम, निष्काम, नित्य, नैमित्तिक, र काम्य गरी पाँच किसिमका छन् । तीजको व्रत नित्य र काम्य दुवै खालको भएको पनि प्रा डा गौतमले बताए । तीजको व्रत हिन्दू मात्रका लागि नभई मानव मात्रका लागि भएको कुरा धर्मशास्त्रीय ग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ ।

**◆ व्रत नगर्दा दोष लाग्छ**

'अकरणे प्रत्यवाय श्रवणात् करणे फल श्रवणाच्च हरितालिका व्रतं नित्यं काम्यं च भवति' भनी धर्मशास्त्रीय ग्रन्थमा उल्लेख गरिएकाले पनि यस व्रतलाई संकुचित अर्थमा लिन नहुने पनि अध्यक्ष गौतमले बताए । जसको अर्थ हुन्छ यो व्रत नगर्दा दोष लाग्छ, गरेमा फल प्राप्त हुन्छ, यो व्रत नित्य र नैमित्तिक दुवै हो ।

**◆ दर**

यो व्रत सक्नेले निराहार बस्ने भएकाले बुधबार व्रतालुहरूले मीठा मीठा परिकार दरका रूपमा खाई आजको व्रतका लागि पूर्व तयारी समेत गर्छन् । विशेषगरी माइती एवम् दाजुभाइले छोरी, चेली, दिदी बहिनीलाई बोलाई दर खुवाउने गर्दछन् । दर दुई भाग रात हुँदै खाइसक्नुपर्ने शास्त्रीय विधान छ ।

दुःख पोख्ने पर्व

महिलाहरूले वर्षदिनभर आफूलाई परेका दुःख, पीर, मर्कालाई पोख्ने पर्वका रूपमा समेत उपयोग गर्ने गरेका छन् । तीजको अवसरमा गीतका माध्यमबाट यस्ता मर्कालाई महिलाहरूले सार्वजनिक गर्दछन् ।

**◆ उश्रृंखलता र तडक-भडक**

पछिल्लो समयमा तीजका नाममा उच्छृत्त्लता र तडक भडक आएको छ । एक महिना अघिदेखि दर खाने, गरगहना एवम् फेसन प्रदर्शन गर्नेजस्ता गतिविधिले तीजको संस्कृतिलाई विकृतिका रूपमा लैजान खोजेको देखिन्छ ।

यस्ता गतिविधिले नहुनेलाई खिन्न बनाउने भएकाले पनि विकृति रोकिनुपर्नेमा पनि संस्कृतिविद् एवं धर्मशास्त्रीहरूले जोड दिएका छन् ।

## पुस्तक-साभार



### राष्ट्रवादको आलोकमा
# राजा महेन्द्रको डायरी

✍ युवराज गौतम




## मानदेवदेखि महेन्द्रसम्म

क्रमागत... राष्ट्रनिर्माता पृथ्वीनारायण शाहका कान्छा सुपुत्र बहादुर शाहले पिताले भ'राष्ट्र सर्वोपरि' ठानेर काम गरे। उनले कालीगण्डकी पश्चिमका गुल्मी, गलकोट, मुसीकोट, अर्घाखाँची, दाङ, प्यूठान लगायतका राज्यलाई नियन्त्रणमा लिए । नेपालमा आर्थिक षड्यन्त्र गरेको आरोपमा केरूङ र कुतीबाट उनले तिब्बतमा हमला गरे। तिब्बत हारेपछि उसले वार्षिक पचास हजार रूपियाँ नेपाललाई बुझाउनुपर्ने भयो ।

जुम्ला, दैलेख, अछाम, डोटी र कुमाउँ-गढवाल जितेर अलखनन्दा नदीसम्म बहादुर शाहले नेपालको सिमाना कायम गरे। पृथ्वीनारायणकै पालामा विशाल राज्य (हालको बंगलादेश, भारतको पश्चिम बंगाल र पूर्वी विहार) का सर्वेसर्वा (नबाब) थिए, मीर कासिम। उनले वि.सं. १८१९ मा नेपाल कब्जा गर्न पठाएको ठूलो फौजलाई परास्त गरेर नेपालको सेनाले सौर्यको परिचय दिइसकेको थियो। शत्रुका दुई वटा तोप र पाँचसय वटा जति राइफल खोसेर नेपाली सेनाले शक्ति-सञ्चय गरेको थियो। त्यसको पाँच वर्षपछि भारतमा शासन गरिरहेको ब्रिटिस फौज नेपाल पस्यो। त्यो फौजलाई वि.सं. १८२४ मा नेपाली फौजले ध्वस्त बनायो। दुई हजार चारसय शत्रुमध्ये एक हजार ६ सय रिपुको ज्यान गयो। धेरै हताहत भएपछि उनीहरु भागे। कप्तान किनलकको नेतृत्वमा आएको फौजलाई नेपाली फौजले परास्त गरेपछि विश्वमै नेपाली सेनाको इज्जत बढ्यो । अंग्रेजसँगको त्यो युद्धमा नेपालले प्रशस्त हतियार कब्जा गर्न सफलता पायो ।

राजधर्मको मर्म गहिरोसँग बुझेका राजा महेन्द्रले सेनाको इतिहास लेखाए। राजा, जनता र सेनाले निर्माण गरेको नेपालको राष्ट्रबादबारे महेन्द्रले बुझाउने प्रयास गरे । त्यसकारण नेपाली राष्ट्रबाद र राजा महेन्द्रको योगदानलाई पृथक बनाएर हेर्न सकिदैन। राष्ट्रबादको आलोकमा महेन्द्र धेरै प्राञ्जल देखिन्छन् ।

पृथ्वीनारायण शाहले एकीकरण गरेको नेपाली राष्ट्रियता सुदृढ बनाउने काम महेन्द्रले गरे । तसर्थ, उनी आदरणीय र वन्दनीय बनेका हुन् । राजनीतिक मतमतान्तर भए पनि विश्वेश्वरप्रसाद कोइराला जस्ता नेताले राजा महेन्द्रको योगदानको प्रशंसा गरेको पाइन्छ। प्राध्यापक जयराज आचार्यले पृथ्वीनारायण शाह, जंगबहादुर राणा र राजा महेन्द्रको योगदानले नेपाली राष्ट्रबाद प्रबल भएको बताएका छन् ।

भक्तपुर चाँगुनाराणमा कुँदिएको अभिलेख नेपाली इतिहासको एउटा 'कोशेढुङ्गो' हो । इतिहासकारहरूका अनुसार लिच्छवि राजा मानदेवको अनुरोधमा उनकी माता महारानी राज्यवती सती गइनन्। उनले सानै उमेरको छोरा राजा मानदेवलाई विभिन्न विद्वान्को संगत गराएर राजोचित गुणहरु सिकाइन् । राम्रा धार्मिक पुस्तक पढाइन्। न्यायशास्त्र, धर्मशास्त्र, युद्धकला, राजनीति, अर्थशास्त्र आदि सिक्न प्रेरित गरिन्। मानदेव प्रथम लिच्छवि वंशका प्रथम राजा होइनन्। त्यसैले पुर्खाका गाथा सुनेर पनि उनले धेरै कुरा सिके ।

वि.सं. ५२५ मा आमाका लागि राजा मानदेवले विष्णु भगवान्को वामन अवतारको मूर्ति बनाउन लगाएका थिए। औपचारिक शिक्षा नलिएका मानदेवको शासनकालको झन्डै पन्□सय वर्षपछि नेपालको राजगद्दी सम्हाल्ने राजा महेन्द्रले पनि कुनै स्कुल पढेका थिएनन् । देश र जनतालाई संकट परेका बखत जुन राजा अभिभावकका रूपमा जनताको मर्म बुझेर दरबारभित्रै सुख-सयलमा नबसी जनताकै दुःख, सुखमा सहभागी हुन्छन्, त्यस्ता राजा मात्रै इतिहासमा अमर रहन्छन् ।

राष्ट्र र जनताप्रति समर्पित यी दुई राजाको युग, क्षमता र व्यक्तित्वको तुलना गर्न मिल्दैन तर असल राष्ट्रनायक पाउँदा राष्ट्र लाभान्वित हुन्छ भन्ने पुष्टि हुन्छ। जसरी मानदेवले ४१ वर्ष शासन गर्दा नेपाललाई सुदृढ बनाए, त्यसरी नै पृथ्वीनारायण शाह र राजा महेन्द्रले नेपाल तथा नेपालीको उन्नतिका लागि धेरै काम गरे। स्पष्ट मार्गचित्र बनाए। राष्ट्रियताको धरातलमा सबैलाई समेट्ने काम गरे । क्रमशः....

# चोरीका मोबाइलसहित विराटनगरबाट दम्पती पक्राउ

विराटनगर । चोरीका मोबाइल लिएर भारततर्फ जाँदै गरेको अवस्थामा प्रहरीले इटहरीका एक दम्पतीलाई विराटनगरबाट पक्राउ गरेको छ । पक्राउ पर्नेमा सुनसरीको इटहरी उपमहानगरपालिका-४ का २२ वर्षीय कृष्ण साह र उनकी २३ वर्षीया पत्नी बबिता बुढाथोकी छन् । उनीहरूलाई विराटनगर महानगरपालिका-१५ स्थित एक नम्बर ढाटबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय रानी र रानी सीमा क्षेत्रबाट खटिएको प्रहरी टोलीले नेपालबाट भारततर्फ पैदल जाँदै गरेका उनीहरूलाई शंकाका आधारमा रोकेर जाँच गरेको थियो । जाँचका क्रममा उनीहरूको साथबाट विभिन्न कम्पनीका ५ थान मोबाइल, नेपाली ७ हजार ४३५ रूपैयाँ र भारतीय १ हजार ८०० रूपैयाँ बरामद भएको प्रहरीले जनाएको छ ।

बरामद मोबाइलमा रेडमी-७, रेडमी ए-५, सामसुङ, होनर र एप्पलका एक-एक थान रहेका छन्। मोरङ प्रहरीका सूचना अधिकारी डीएसपी मकेन्द्रकुमार मिश्रका अनुसार दम्पतीलाई बिहान करिब ८ बजे नियन्त्रणमा लिइएको हो। बरामद मोबाइल कहाँबाट चोरी गरेर ल्याइएको हो भन्ने विषयमा अनुसन्धान भइरहेको उनले बताए ।




## स्वास्थ्य

# बाँझोपन र क्यान्सरको कारक बन्न सक्छ कण्डम र लुब्रीकेन्ट



नेपालमा बाँझोपन र क्यान्सरको समस्या घट्दो क्रममा छैन । दिनदिनै बढ्दै गइरहेको छ । प्राणघातक रोग क्यान्सरले समाजलाई आतंकित नै पारिसकेको छ । यस्तो सन्दर्भमा यसको कारण यहि हो भनेर छुट्याउनै गाह्रो परिरहेको सन्दर्भमा पर्यावरण संरक्षण एजेन्सीद्वारा एउटा अध्ययनले भने कण्डमलाई कारक मानेको छ ।

सुरक्षित यौन सम्पर्कका लागि प्रायः कण्डमको प्रयोग गरिन्छ । जुन राम्रो बानी हो । यसले यौन सञ्चारित रोगहरूका साथै एचआईभी जस्ता अन्य यौन सञ्चारित रोगको जोखिम पनि कम गर्छ । त्यस्तै विभिन्न प्रकारको लुब्रिकेन्ट यौन सम्पर्कको बेला हुने जलन कम गर्न प्रयोग गरिन्छ । तर यिनीहरूको प्रयोगले विभिन्न समस्या पनि निम्तन सक्छ । कण्डम र लुब्रिकेन्ट प्रयोग गर्ने व्यक्ति क्यान्सर र बाँझोपनबाट ग्रस्त हुनसक्छन् भन्ने निस्कर्ष उक्त अध्ययनले देखाएको छ ।

**कण्डम र लुब्रिकेन्टमा हानिकारक रसायन**

पर्यावरण संरक्षण एजेन्सीद्वारा एउटा अध्ययन गरिएको थियो, जसले धेरै राम्रा र प्रसिद्ध ब्रान्डका कन्डम र लुब्रिकेन्टहरूले हानिकारक रसायन प्रयोग गरेको उल्लेख गरेको छ । अध्ययनअनुसार तिनीहरुलाई बनाउनमा 'पीएफएस' १५ हजार सिंथेटिक रसायनहरूको समूह प्रयोग गरिन्छ । यी रसायन धेरै ब्रान्डका अल्ट्रा-थिन कन्डम र जेली लुब्रिकेन्टहरूमा पाइने पुष्टि भएको छ । 'पीएफएस'सामान्यतया कन्डमहरूमा तिनीहरूको नरमपना र तरलता कायम राख्न प्रयोग गरिन्छ ।

**क्यान्सर हुनसक्छ**

'पीएफएस'मा गरिएका केही अध्ययनअनुसार यसको एक्सपोजरले क्यान्सरको जोखिम पनि बढाउँछ । कहिलेकाही यसले अण्डकोषको क्यान्सरका साथै मिर्गौलाको क्यान्सर पनि निम्त्याउन सक्छ । कतिपय अवस्थामा यसको अत्यधिक प्रयोगले बाँझोपनसम्बन्धी समस्या पनि निम्त्याउन सक्ने अध्ययनले देखाएको छ । साथै यस रसायनको एक्सपोजरले प्रोस्टेट क्यान्सरका साथै स्तन क्यान्सरको जोखिम बढाउँछ । इन्डोमेट्रियल क्यान्सर बाहेक यसले थाइरोइड क्यान्सर पनि निम्त्याउन सक्ने पाइएको छ ।

**'पीएफएस'ले गर्ने अन्य हानी**

कण्डम तथा लुब्रिकेन्टमा हुने यी रसायनको सम्पर्कमा आएर पुरूष र महिला दुवैमा विभिन्न समस्या निम्तन सक्छ ।

विज्ञहरूका अनुसार हप्तामा दुई पटकभन्दा बढी कण्डमको प्रयोग गरेमा योनीको भित्री तह र झिल्लीमा रहेको संवेदनशीलता बिस्तारै गुम्न थाल्छ । जसकारण महिलाको योनीबाट तरल पदार्थको स्राव कम हुन्छ वा पूर्ण रूपमा बन्द हुन्छ, जसले योनीमा दुखाइ वा सुक्खापन निम्त्याउन सक्छ ।

विज्ञहरुका अनुसार' पीएफएस'को एक्सपोजरले शुक्राणुको संख्यालाई असर गर्छ, जसले बाँझोपन निम्त्याउन सक्छ । 'पीएफएस' को एक्सपोजरले कलेजो क्षतिको साथै थाइराइड समस्या निम्त्याउन सक्छ ।

यो केमिकलले कहिलेकाहीं रोगप्रतिरोधात्मक क्षमतालाई कमजोर बनाउनुका साथै अन्य समस्या पनि निम्त्याउन सक्छ ।

## मनोरञ्जन

# ओस्कार अवार्डमा भिड्दै चलचित्र तिनीहरू 'एलिफेन्ट्स इन द फग




सन् २०२७ मा घोषणा हुने ९९औं एकेडेमी अवार्ड (ओस्कार अवार्ड)मा नेपालको प्रतिनिधित्व गर्दै चलचित्र 'तिनीहरु 'एलिफेन्ट्स इन द फग' प्रतिस्पर्धा गर्ने भएको छ ।

अन्तर्राष्ट्रिय फिचर चलचित्र छनोट समिति (नेपाल) ले आज एक विज्ञप्ति जारी गर्दै उक्त चलचित्रलाई नेपालको तर्फबाट आधिकारिक रूपमा सिफारिस गरिएको जानकारी दिएको हो ।

समितिका अध्यक्ष लक्ष्मीनाथ शर्माद्वारा जारी विज्ञप्तिअनुसार यस वर्षको ओस्कार प्रतिस्पर्धाका लागि नेपालबाट दुई वटा नेपाली कथानक चलचित्र 'तिनीहरू-एलिफेन्ट्स इन द फग' र 'गौँथली' प्राप्त भएका थिए ।

प्राप्त यी दुईमध्ये एकेडेमीको मापदण्ड अनुरूप उत्कृष्ट चलचित्र छनोट गर्न समितिले विभिन्न पक्षको मूल्यांकन गरेको थियो ।

चलचित्रको प्राविधिक पक्ष, कथाको प्रस्तुति, चरित्रहरूको भावनात्मक विश्लेषण, र कलात्मक शिल्पलाई ध्यानमा राखी गरिएको गहन अध्ययनपश्चात 'तिनीहरू(एलिफेन्ट्स इन द फग'लाई उत्कृष्ट ठहर गर्दै छनोट गरिएको समितिले जनाएको छ ।

यस छनोटसँगै अब यो चलचित्रले विश्वकै प्रतिष्ठित मानिने ओस्कार अवार्डको अन्तर्राष्ट्रिय फिचर चलचित्र विधामा नेपालको तर्फबाट प्रतिस्पर्धा गर्नेछ ।




आज मिति
२०८३ साल
भदौ २९ गते
सोमबार
14 Sept. 2026
तिथि: तृतिया



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगाना: क्याम्पस मोड,
सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | प्रेममा सफल । सामान्य लाभ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | पढाईमा रूचि । कारोबारमा सफलता । |
| मिथुन | का कि कु घ ङ छ के को हा | सामान्य लाभ । सन्तानबाट सहयोग । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | जमिन किराना पसलबाट लाभ । आमाको सहयोग । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | पेटमा समस्या । भाईबैनीबाट सहयोग । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | कारोबारमाबाट लाभ । धर्ममा रूचि । |
| तुला | रा री रु रे रो ता ती तु ते | धन बस्त्रको लाभ । छिमेकीसँग विवाद |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | अनावशयक भ्रमण । कार्यमा ढिलाई । |
| धनु | य यो भा भी भ धा फा ढ भे | काका, दाजुको सहयोगबाट फाइदा । रोकिएका काम बन्ने । |
| मकर | भो जा जी खि खू खे खो गा गी | बुबाबाट सहयोग । कार्यमा सफल । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | परोपकारको काम गर्ने । पढाईमा सफल । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | मनमा अशान्छि । काममा परिश्रम बढी लाग्ने । |

भोटेकोसी–त्रिशूली बाढीपहिरो

# पुनर्निर्माणका लागि ७ खर्ब २३ अर्बबढी आवश्यक

**दमक/** भोटेकोसी-त्रिशूली नदीमा भदौ १० गते आएको बाढीबाट क्षतिग्रस्त संरचना पुनर्निर्माण र प्रभावित जनजीवन पुनर्स्थापनाका लागि ७ खर्ब २३ अर्ब ३१ करोड ५३ लाख रूपैयाँभन्दा बढी बजेट आवश्यक पर्ने आकलन गरिएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्वमा राष्ट्रिय योजना आयोग, संघीय मन्त्रालय, प्रदेश तथा स्थानीय सरकार, सुरक्षा निकाय र प्राविधिक संस्थाको सहकार्यमा तयार गरिएको द्रुत क्षति तथा आवश्यकता आकलन प्रतिवेदनले बाढीपछिको तत्कालीन र दीर्घकालीन पुनरूत्थानका लागि आवश्यक रकमको प्रक्षेपण गरेको हो ।

प्रतिवेदनअनुसार बाढी प्रभावित क्षेत्रको आगामी ६ महिनाभित्रको शीघ्र पुनरूत्थानका लागि ८ अर्ब ७३ करोड ५० लाख रूपैयाँ आवश्यक पर्नेछ। दीर्घकालीन पुनरूत्थान तथा पुनर्निर्माणका लागि भने ७ खर्ब १४ अर्ब ५८ करोड ३ लाख रूपैयाँ आवश्यक पर्ने अनुमान गरिएको छ । दुवै जोड्दा कुल आवश्यकता ७ खर्ब २३ अर्ब ३१ करोड ५३ लाख रूपैयाँ पुगेको हो ।

दीर्घकालीन पुनरूत्थानमा सबैभन्दा ठूलो खर्च ऊर्जा क्षेत्रमा हुने देखिएको छ । जलविद्युत् आयोजना तथा विद्युत् प्रसारणसम्बन्धी पूर्वाधार पुनर्निर्माणका लागि मात्रै ३ खर्ब ८९ अर्ब ५७ करोड ३० लाख रूपैयाँ आवश्यक पर्ने प्रतिवेदनको अनुमान छ । ऊर्जा क्षेत्रको तत्कालीन पुनरूत्थानका लागि भने १ अर्ब ५ करोड रूपैयाँ आवश्यक पर्ने देखिएको छ ।

निजी आवास तथा घरधुरी पुनर्निर्माणका लागि दीर्घकालीन रूपमा ९५ अर्ब ३४ करोड ७२ लाख रूपैयाँ र विपद् तथा जलवायु जोखिम व्यवस्थापनका लागि ९४ अर्ब ४० करोड ३१ लाख रूपैयाँ आवश्यक पर्ने आकलन गरिएको छ ।

यातायात पूर्वाधारतर्फ पनि ठूलो लगानी आवश्यक पर्ने देखिएको छ। सडक तत्काल सञ्चालनमा ल्याउन ३ अर्ब १९ करोड रूपैयाँ र दीर्घकालीन पुनरूत्थानका लागि ५१ अर्ब ९९ करोड १३ लाख रूपैयाँ आवश्यक पर्ने अनुमान छ ।

त्यस्तै, पुल तत्काल सञ्चालनमा ल्याउन १ अर्ब ५५ करोड रूपैयाँ र दीर्घकालीन पुनर्निर्माणका लागि १६ अर्ब ६१ करोड १७ लाख रूपैयाँ आवश्यक पर्ने प्रतिवेदनमा उल्लेख छ ।

खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको दीर्घकालीन पुनर्निर्माणका लागि १ अर्ब ५५ करोड ८६ लाख रूपैयाँ आवश्यक पर्ने आकलन गरिएको छ। सार्वजनिक भवन तथा पूर्वाधारतर्फ ४ अर्ब ११ करोड ५५ लाख र शिक्षा क्षेत्रमा २ अर्ब २३ करोड ८२ लाख रूपैयाँ आवश्यक पर्ने देखिएको छ ।

त्यस्तै कृषि क्षेत्रमा दीर्घकालीन पुनरूत्थानका लागि १ अर्ब ७ करोड १० लाख, पशुपालनमा १ अर्ब ५८ करोड ७७ लाख, दूरसञ्चारमा ६० करोड ३० लाख र स्वास्थ्य क्षेत्रमा ६५ करोड ५० लाख रूपैयाँ आवश्यक पर्ने प्रारम्भिक अनुमान गरिएको छ ।

घरेलु नवीकरणीय ऊर्जाका लागि १ अर्ब ५४ करोड ८२ लाख र मत्स्यपालनका लागि १ अर्ब ६ करोड ९९ लाख रूपैयाँ आवश्यक पर्ने प्रतिवेदनमा उल्लेख छ। फोहोर तथा लेदो व्यवस्थापनलगायत अन्य प्रभावित क्षेत्रमा समेत पुनरूत्थानका लागि थप ठूलो स्रोत आवश्यक पर्ने देखिएको छ ।

***ब्रिक्स.....*** अब महासभामा नेपालको जलवायु क्षति र जलवायु न्यायको मुद्दालाई प्रभावकारी रूपमा स्थापित गर्नुपर्ने दबाब प्रधानमन्त्रीमाथि छ ।

यसैबीच, सरकारले जोखिमपूर्ण हिमतालको जलसतह घटाएर सम्भावित विपद्को जोखिम न्यूनीकरण गर्ने तयारी थालेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले विज्ञसँग परामर्श गरी वैज्ञानिक विधिबाट पानीको सतह घटाउनेबारे छलफल भइरहेको बताए । ग्रीन क्लाइमेट फण्डको सहयोगमा यही वर्ष काम अघि बढाउने तयारी छ। इसिमोड र युएनडिपीको अध्ययनअनुसार नेपालमा २१ हिमताल जोखिमयुक्त छन्, जसमध्ये कोशी र गण्डकी क्षेत्रमा चारवटा अति उच्च जोखिममा छन् ।

**ओस्लोमा रक्षा बमको आवाज**

ब्रिक्समा नेपालको उपस्थिति छुटिरहेका बेला नर्वेको ओस्लोस्थित नोबेल पिस कन्फेरेन्समा जेनजी अगुवा रक्षा बमले नेपालको जलवायु संकटको विषय अन्तर्राष्ट्रिय समुदायसमक्ष उठाएकी छन् ।

उनले भोटेकोशीमा आएको बाढीलाई जलवायु परिवर्तनसँग जोड्दै त्यसबाट भएको मानवीय तथा भौतिक क्षतिको क्षतिपूर्तिको माग गरिन् । जलवायु संकट सिर्जना गर्न नेपालको योगदान न्यून भए पनि त्यसको मूल्य नेपालजस्ता मुलुकले चुकाउनुपरेको उनको तर्क थियो ।

बमले उठाएको विषय नेपालको परम्परागत कूटनीतिक आवाजभन्दा फरक कोणबाट आएको छ । राजनीतिक नेतृत्वले जलवायु न्याय र जलवायु वित्तको विषय उठाउँदै आएका बेला नयाँ पुस्ताको प्रतिनिधिका रूपमा उनले क्षतिपूर्तिको प्रश्नलाई मानवअधिकार र विश्व शान्तिको बहससँग जोडिन् ।

**नेपाली नेताले के उठाए ?**

जलवायु न्याय नेपालको अन्तर्राष्ट्रिय एजेन्डामा भने नयाँ विषय होइन । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले २०23 को संयुक्त राष्ट्रसंघीय महासभामा नेपालले जलवायु संकटको असमान भार खेपिरहेको बताएका थिए । उनले विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान नगण्य भए पनि जलवायु परिवर्तनको गम्भीर असर भोगिरहेको भन्दै जलवायु न्यायको माग गरेका थिए ।

कोप-२८ मा पनि दाहालले विकसित मुलुकबाट जलवायु वित्त बढाउन तथा 'लस एन्ड ड्यामेज फन्ड' जोखिममा रहेका मुलुकका लागि सहज, पर्याप्त र पूर्वानुमानयोग्य बनाउन आग्रह गरेका थिए ।

त्यसपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०२४ को संयुक्त राष्ट्रसंघीय महासभामा जलवायु न्यायलाई नेपालको प्राथमिकताका रूपमा प्रस्तुत गरे । उनले हिमालय क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव बढ्दै गएको भन्दै हिमाली मुलुकको विशेष जोखिमलाई अन्तर्राष्ट्रिय जलवायु बहसमा सम्बोधन गर्नुपर्ने बताएका थिए ।

भोटेकोशी बाढीपछि यो विषय दलगत सीमाभन्दा बाहिर पुगेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले जलवायु परिवर्तनबाट नेपालले भोगेको क्षतिलाई अन्तर्राष्ट्रिय क्षतिपूर्ति र जलवायु वित्तसँग जोड्नुपर्ने धारणा राखेका छन् । कांग्रेस सभापति गगन थापाले प्रधानमन्त्री शाहले संयुक्त राष्ट्रसंघमा भावनात्मक भाषणभन्दा तथ्य, अध्ययन र क्षतिको वैज्ञानिक मूल्यांकनसहित नेपालको दाबी प्रस्तुत गर्नुपर्ने बताएका छन् । अन्य दलका नेताहरूले पनि जलवायु वित्त, लस एन्ड ड्यामेज र पुनर्निर्माणका लागि अन्तर्राष्ट्रिय सहयोग जुटाउनुपर्नेमा जोड दिएका छन् ।

**राष्ट्रसंघमा क्षतिको मुद्दा**

ब्रिक्स छुटे पनि नेपालका लागि अर्को महत्वपूर्ण अन्तर्राष्ट्रिय मञ्च संयुक्त राष्ट्रसंघीय महासभा हो । प्रधानमन्त्री शाहले सेप्टेम्बर २४ मा महासभालाई सम्बोधन गर्ने कार्यक्रम छ । त्यसक्रममा भोटेकोशीसहित नेपालले पछिल्ला वर्षमा भोगेको बाढी, पहिरो र अन्य जलवायुजन्य क्षतिलाई अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्दै जलवायु न्याय र आर्थिक सहयोगको विषय उठाउने तयारी भइरहेको छ । तर क्षतिपूर्तिको माग केवल राजनीतिक भाषणमा सीमित हुँदा त्यसले अपेक्षित परिणाम दिन कठिन हुन्छ । क्षतिको वैज्ञानिक मूल्यांकन, प्रमाणित तथ्यांक, जलवायु परिवर्तनसँगको सम्बन्ध, अन्तर्राष्ट्रिय कानुनी आधार र उत्सर्जनकर्ता मुलुकसँग निरन्तर कूटनीतिक वार्ता आवश्यक हुन्छ ।

भोटेकोशीको बाढीदेखि ओस्लोमा रक्षा बमले उठाएको आवाज र विभिन्न समयमा नेपाली राजनीतिक नेतृत्वले राख्दै आएका धारणा एउटै निष्कर्षतर्फ उन्मुख छन् -नेपाल जलवायु संकटको प्रमुख कारक होइन, तर त्यसको असरको ठूलो हिस्सा उसैले व्यहोरिरहेको छ । अब नेपालको चुनौती सहानुभूति माग्ने तहमा सीमित नरही जलवायु न्याय, वित्तीय पहुँच, प्रविधि हस्तान्तरण र हानि-नोक्सानीको ठोस सम्बोधनतर्फ पुग्नु हो । ब्रिक्समा छुटेको अवसरबाट पाठ सिक्दै राष्ट्रसंघ, जलवायु सम्मेलन, क्षेत्रीय मञ्च र द्विपक्षीय कूटनीतिमा एउटै स्पष्ट राष्ट्रिय एजेन्डा अघि बढाउन सके मात्रै नेपालको जलवायु आवाजले अन्तर्राष्ट्रिय परिणाम निकाल्न सक्नेछ ।

***आठ.....*** कार्यकालमा करिब ८० लाख रूपैयाँमा बस खरिद गरिएको हो । तर खरिदअघि यसको सञ्चालन क्षेत्र, पहाडी तथा ग्रामीण सडकको अवस्था, आवश्यक जनशक्ति, इन्धन, मर्मतसम्भार र उपकरण सञ्चालनको व्यवस्थाबारे पर्याप्त अध्ययन गरिएको थियो कि थिएन भन्ने प्रश्न उठेको छ । विशेषगरी पहाडी जिल्लाका विकट बस्तीमा ठूलो आकारको बस पुऱ्याउन कठिन हुने स्वास्थ्य मन्त्रालयकै कर्मचारी बताउँछन्। उनीहरूका अनुसार ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्य भए पनि बसको आकार र पहाडी भूगोलबीच तालमेल मिलेको देखिँदैन।

'के उद्देश्यले यति ठूलो बसमा उपकरण जडान गरियो, थाहा भएन,' मन्त्रालयका एक कर्मचारीले भने, 'पहाडी जिल्लाका ग्रामीण बस्तीमा पुग्ने गरी घुम्ती अस्पताल सञ्चालन गरेको भए प्रभावकारी हुन्थ्यो। अहिले सञ्चालन नहुँदा यो घाँडो बनेको छ ।' बस खरिदपछि कहाँ, कति पटक र कुन जनशक्तिमार्फत सञ्चालन गर्ने भन्ने विषयमा पनि स्पष्ट योजना बन्न सकेको छैन् ।

## ६ जना धार्मिक गुरु अपहरण

**एजेन्सी/** जाम्फारा, नाइजेरिया- उत्तरी नाइजेरियाको जाम्फारा राज्यमा हतियारधारी समूहले ६ जना मुस्लिम धार्मिक गुरुलाई अपहरण गरेको प्रहरीले जनाएको छ । पछिल्लो समय उक्त राज्य फिरौतीका लागि हुने अपहरणबाट प्रभावित हुँदै आएको छ । प्रहरीका अनुसार शनिबार अत्याधुनिक हतियार बोकेका सशस्त्र समूहले डाक्को-दम्री सडकमा घात लगाएर धार्मिक गुरुहरू सवार गाडी रोकेका थिए । उनीहरू तलाता मफारा जाँदै गर्दा अपहरणमा परेका हुन् ।

नाइजेरियाली सञ्चारमाध्यमका अनुसार उनीहरू सिनेटर अब्दुलअजिज अबुबकर यारीको धार्मिक कार्यक्रममा सहभागी हुन जाँदै थिए । यारी जाम्फारा राज्यका पूर्व गभर्नरसमेत हुन् । अपहरणपछि सुरक्षा टोलीले उनीहरूको खोजी तथा उद्धारका लागि व्यापक अभियान सुरु गरेको प्रहरीले जनाएको छ । आसपासका जंगल र झाडीमा खोजी भइरहेको छ ।

नाइजेरियामा पछिल्लो समय अपहरण सशस्त्र समूहका लागि आम्दानीको प्रमुख स्रोत बनेको छ । जिहादी समूहसँगै अपराधी समूहहरूले पनि मानिसलाई अपहरण गरी फिरौती माग्ने गरेका छन् । एसबीएम इन्टेलिजेन्सको अगस्टमा प्रकाशित प्रतिवेदनअनुसार, पछिल्लो एक वर्षमा नाइजेरियामा अपहरणकारीलाई करिब ६० लाख अमेरिकी डलर फिरौतीका रूपमा बुझाइएको छ । देशको कमजोर अर्थतन्त्रसँगै बढ्दो असुरक्षा नाइजेरियाको आगामी निर्वाचन अभियानको प्रमुख मुद्दा बनेको छ ।

## युथ ओलम्पिक ज्योतिको भव्य स्वागत

**एजेन्सी/** अफ्रिकामा पहिलोपटक आयोजना हुन लागेको 'युथ ओलम्पिक गेम्स'को काउन्टडाउन सुरु भएसँगै शनिबार सेनेगलको राजधानी डाकारमा ओलम्पिक ज्योतिको भव्य स्वागत गरिएको छ । डाकारस्थित 'प्लेस डु सुभेनिर अफ्रिकन'मा सयौं मानिस भेला भएका थिए । सङ्गीत र नृत्यसहित आयोजित समारोहमा सेनेगलका सय प्रभावशाली महिलाले ओलम्पिक ज्योति बोकेर ऱ्याली निकाले । उनीहरूलाई वोलोफ भाषामा रानी वा राजपरिवारका महिलालाई जनाउने शब्द 'लिन्गीर' भनिएको थियो ।

अक्टोबर ३१ देखि नोभेम्बर १३ सम्म हुने प्रतियोगितामा करिब दुई हजार ७०० युवा खेलाडीले डाकार तथा नजिकका डियाम्नियाडियो र सालीमा ३५ खेलमा प्रतिस्पर्धा गर्नेछन् ।

सन् २०१० मा सिंगापुरबाट सुरु भएको युथ ओलम्पिक १५ देखि १८ वर्ष उमेर समूहका खेलाडीका लागि आयोजना हुने ओलम्पिकको युवा संस्करण हो । सेनेगलमा आयोजना हुन लागेको यस प्रतियोगिताले अफ्रिकी युवाका लागि नयाँ अवसर र प्रेरणा दिने अपेक्षा गरिएको छ ।

***दर.....*** निराहार व्रत बसेको प्रसंगसँग तीजको परम्परा जोडिएको छ । साथीहरूले पार्वतीलाई हरण गरी सुरक्षित स्थानमा लगेर राखेपछि उनले त्यहीँ व्रत बसेर महादेवलाई पति पाएको कथा पुराणमा उल्लेख छ । यही घटनासँग जोडेर हरितालिका तीजमा व्रत बस्ने परम्परा सुरु भएको धर्मशास्त्रीय मत छ ।

तीजका अवसरमा पशुपतिनाथलगायत देशभरका शिवालयमा महिलाको भीड लाग्ने गर्छ । माइती, दिदीबहिनी तथा पुराना साथीभाइसँग भेटघाट गर्ने र वर्षभरिका सुखदुःख साटासाट गर्ने परम्परा पनि तीजको विशेषता हो ।

पछिल्लो समय तीज नेपालमा मात्र सीमित नरही भारतका केही क्षेत्रमा समेत मनाउन थालिएको छ । सञ्चारमाध्यम र सामाजिक सञ्जालको विस्तारसँगै तीजका गीत तथा सांस्कृतिक गतिविधि व्यापक बन्दै गएका छन् । तीजसँगै नेपाली समाज दसैं-तिहारजस्ता ठूला पर्वको तयारीतर्फ समेत अघि बढ्छ ।

***ठेक्केदारसँग.....***

जसका कारण पुल निर्माण नहुँदा स्थानीयवासी बर्खामा डुंगा र हिउँदमा शुल्क तिरेर बाँसको पुलमार्फत जोखिमपूर्ण यात्रा गर्न बाध्य भइरहेका छन् ।


अत्याधुनिक प्रविधिद्वारा उत्पादित

नयाँ झापाली इटा बजारमा

झापाली इटा

ठूलो साइजको ईटा उपलब्ध छ ।

सम्पर्कका लागि:

**भगवान बस्नेत** : ९८५२६७००३१

उद्योग सम्पर्क : ९८०१४०१४४२



**प्रविधिको प्रयोग व्यवस्थित गरौं**

- प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
- परिवार र साथीभाइसँग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
- सामाजिक सञ्जालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
- पारिवारिक र सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
- डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
- बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
- व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
- प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रूपमा प्रयोग गरौं।

*प्रविधिको सही प्रयोग गरौं, मानवीय सम्बन्ध बलियो बनाऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड


खेलकुद

## सञ्जय र कमलालाई तिम्बुङ पोखरी ट्रेल रनको उपाधि

**पाँचथर/** पूर्वको चर्चित पर्यटकीय गन्तव्य तिम्बुङ पोखरी क्षेत्रमा आयोजित अन्तर्राष्ट्रिय ट्रेल रन प्रतियोगिताको पुरूषतर्फ इलामका सञ्जय राई (समीर) र महिलातर्फ डोल्पाकी कमला (सुनसरी) क्षेत्री प्रथम भएकी छन् । २१ किलोमिटर दूरी राईले १ घण्टा २४ मिनेटमा पूरा गर्दै प्रथम स्थान हासिल गरेका हुन् । सोलुखुम्बुका अर्जुन कुलुङ राई दोस्रो र ताप्लेजुङको मैवाखोलाका फुर्वालाक्पा शेर्पा तेस्रो भए ।

महिलातर्फ क्षेत्रीले १ घण्टा ४६ मिनेटमा दूरी पूरा गर्दै प्रथम स्थान हासिल गरिन् भने पाँचथरकी अन्जना लिम्बू दोस्रो भइन् ।

प्रतियोगितामा ५२ जना धावक सहभागी थिए । पुरूष तथा महिला दुवैतर्फ प्रथम, दोस्रो र तेस्रो हुनेलाई क्रमशः ८३ हजार ५२५, ६३ हजार ५२५ र ४३ हजार ५२५ रूपैयाँ नगदसहित ट्रफी, पदक र प्रमाणपत्र प्रदान गरिएको तिम्बुङ पोखरी पर्यटन प्रवर्द्धन समितिका अध्यक्ष अमिर राईले जानकारी दिए । स्थानीय क्षेत्रबाट प्रतियोगितामा सहभागी भएर प्रथम भएका भरत बाँनियालाई समेत ३३ हजार ५२५ रूपैयाँ नगद प्रदान गरिएको थियो ।

कांग्रेसमा खड्का पक्ष महाधिवेशनमा

## ८० प्रतिशत नेता गगन पक्षमा आउने दाबी

काठमाडौं । नेपाली कांग्रेसका तत्कालीन कार्यवाहक सभापति पूर्णबहादुर खड्का पक्ष असोज ३ गतेदेखि सुरू हुने १५औँ महाधिवेशनको प्रक्रियामा सहभागी हुने भएको छ । सभापति गगन थापा नेतृत्वको समूहले खड्का पक्षले अघि सारेका माग सम्बोधन गर्ने प्रतिबद्धता जनाएपछि महाधिवेशनमा सहभागी हुने वातावरण बनेको हो ।





खड्का पक्षले पार्टीको आन्तरिक एकता कायम गर्दै महाधिवेशनलाई सर्वस्वीकार्य बनाउन विभिन्न माग अघि सारेको थियो । गत वैशाखमा खड्काले पूर्वसभापति शेरबहादुर देउवा र नेता शेखर कोइराला पक्षको सहमतिसहित सभापति थापासमक्ष आठबुँदे माग राखेका थिए । तीमध्ये विशेष महाधिवेशनपछि बाहिरिएका तत्कालीन पदाधिकारी तथा केन्द्रीय सदस्यको समायोजन प्रमुख विषय थियो ।

विशेष महाधिवेशनपछि देउवा, खड्का र कोइराला पक्षका गरी १ सय ११ जना तत्कालीन पदाधिकारी तथा केन्द्रीय सदस्य पार्टीको नयाँ संरचनाबाट बाहिरिएका थिए । उनीहरूलाई समायोजन गर्ने विषयमा सभापति थापा सकारात्मक भएपछि खड्का पक्ष महाधिवेशनमा सहभागी हुने निष्कर्षमा पुगेको हो । समायोजनका लागि सभापति थापाले आइतबार केन्द्रीय कार्यसम्पादन समितिको बैठक बोलाएका छन् ।

त्यस्तै, १० पुस २०८२ सम्म नवीकरण गरिएका सबै सदस्यलाई महाधिवेशन प्रक्रियामा सहभागी गराउने विषयमा पनि सहमति बनेको छ । विशेष महाधिवेशनपछि अद्यावधिक गरिएका सदस्यबाट मात्र महाधिवेशन गराउने संस्थापन पक्षको तयारीप्रति असन्तुष्ट रहेका समूहलाई समेत यस निर्णयले समेट्ने भएको छ ।

महाधिवेशनलाई निष्पक्ष र सर्वस्वीकार्य बनाउन आयोजक समिति, निर्वाचन समिति, विधान मस्यौदा समिति, अनुशासन समिति तथा भ्रातृ संस्थाको गठनमा सबै पक्षको सहमति कायम गर्ने विषय पनि खड्का पक्षले उठाएको थियो । यी विषयमा सकारात्मक वातावरण बनेपछि तत्कालीन कार्यसमितिमा रहेका पदाधिकारी तथा सदस्यलाई केन्द्रीय कार्यसमितिमा समायोजन गर्ने तयारी भएको हो ।

खड्का पक्षका नेता श्याम घिमिरेले औपचारिक रूपमा माग सम्बोधन गर्ने निर्णय भएपछि तत्कालीन कार्यसमितिका पदाधिकारी र केन्द्रीय सदस्य गरी करिब ४० जना पार्टी संरचनामा समाहित हुने बताए ।

कांग्रेस विवादसम्बन्धी मुद्दा पुनरावलोकनको प्रक्रियामा रहेकाले खड्का स्वयं भने महाधिवेशन प्रक्रियामा सहभागी नहुने उनले जानकारी दिए । खड्काले भने आफू सहभागी नभए पनि माग सम्बोधन भएपछि महाधिवेशनमा सहभागी हुन पक्षका नेताहरूलाई सन्देश दिएको घिमिरेको भनाइ छ ।

यसैबीच, देउवा पक्षका तत्कालीन सहमहामन्त्री महालक्ष्मी उपाध्याय र मीन विश्वकर्मासहित खड्का पक्षका नेताहरूले पार्टी एकताका लागि संयुक्त अपिल गरेका थिए । उक्त अपिलपछि सभापति थापासँग भएको छलफलले महाधिवेशनमा सहभागी हुने वातावरण निर्माण गरेको नेता जीवनबहादुर शाहीले बताए ।


**माङ्मालुङ्ग चिया बगान लि.को**

**पदपूर्ति सम्बन्धी सूचना**

*प्रथम पटक प्रकाशित मितिः २०८३/०५/२९*

यस कम्पनीलाई देहायको पदमा अन्तरवार्ता/प्रस्तुतीकरणको आधारमा पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारहरूलाई रीतपूर्वकको दरखास्त पेश गर्नुहुन जानकारी गराउँदै यो सूचना प्रकाशित गरिएको छ ।

| क्रस | विज्ञापन नं. | पद | माग पद संख्या | खुला | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | ०१/०८३/०८४ | कम्पनी सचिव | १ | १ | कम्पनी ऐन २०६३ को दफा १८५ को उपदफा (२) बमोजिमको योग्यता भएको । |

**परीक्षाको किसिम**: अन्तरवार्ता तथा प्रस्तुतीकरण । नियुक्तिको लागि निवेदन दिने आवेदकहरू मध्येबाट कम्पनीको स्वीकृत कार्यविधिमा निर्धारित आधार र मापदण्डको आधारमा छनौट गरी छनौटमा पर्ने निवेदकहरूलाई मात्र अन्तरवार्ता/प्रस्तुतीकरणमा समावेश गरिनेछ ।

**कामको किसिम**: कम्पनी ऐन २०६३ को दफा १८६ तथा नियुक्ति पत्रमा तोके बमोजिम ।

**दरखास्त/निवेदन बुझाउने** : कम्पनीको इमेल आइडी mangmalungtea@gmail.com मा मेल मार्फत वा कम्पनीको कार्यालय माइसेबुङ गाउँपालिका-६, इलाम र शाखा कार्यालय दमक-५ गोर्खाली टोलमा उपस्थित भई पेश गर्ने ।

**दरखास्त दिने अन्तिम मिति** : सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र ।

**तलब तथा अन्य सुविधा** : कम्पनीले निर्धारण गरे बमोजिम ।

**द्रष्टव्य** : **क.** निवेदन साथ शैक्षिक योग्यताको प्रमाणपत्रहरू, चारित्रिक प्रमाणपत्र, अनुभव तथा नागरिकताको प्रमाणपत्रलाई PDF बनाई मेल गर्नुपर्नेछ वा आवेदक स्वयं कार्यालयमा उपस्थित भए प्रतिलिपि पेश गर्नुपर्नेछ ।

**ख.** उमेर हद : दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**ग.** उम्मेदवार हुन भविष्यमा सेवाको लागि अयोग्य ठहरिने गरी सरकारी वा कुनै संगठित संस्थानको नोकरीबाट हटाइएको, नैतिक पतन देखिने गरी फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको र गैर नेपाली नागरिक हुन हुँदैन ।

**घ.** म्याद नाघी वा रीत नपुगी प्राप्त भएका दरखास्त/निवेदन उपर कुनै कारबाही गरिने छैन ।

**माङ्मालुङ्ग चिया बगान लि.**

माङ्सेबुङ गा.पा.-६, इलाम (फोन नं. ९८५२६३६०५५)


◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत

कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com